लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

कार्यालय : ०८२-५४०८९०
कार्यालय प्रमुख :९८५७८४१५१४
ईमेल ठेगाना: dfodeukhuri@gmail.com



प.सं. २०८१/०८२ (ब्यवस्थापन शाखा) मितिः २०८२/०२/२१

## डिभिजन वन कार्यालय दाङ (देउखुरी) बाट वनजन्य प्रजातिका विरुवा खरिद सम्वन्धि सिलवन्दी घटाघट दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२१**

डिभिजन वन कार्यालय दाङ देउखुरी अन्तर्गतको गढवा गाउपालिकाको वन क्षेत्रमा प्रगन्ना तथा वडकापथ सिचाई आयोजना लमही दाङले सिचाई आयोजनाको एलाइजमेन्ट भित्र परेका रुखहरु हटाए वापतको क्षतिपूर्ति वृक्षारोपण गर्ने कार्यक्रम रहेकोले वनजन्य विरुवा उत्पादक वा आपुर्तिकर्तावाट वनजन्य टिक, सतिसाल, निम, जामुन, खयर र श्रीखण्ड प्रजातिका १९५०० गोटा विरुवा खरिद एवं तोकिएको स्थान सम्म ढुवानी गर्नु पर्ने भएकोले प्रचलित कानुन वमोजिम योग्यता पुगेका ईच्छुक विरुवा उत्पादक वा आपूर्तिकर्ताबाट व्यावसायिक प्रमाण पत्र (संस्था दर्ता /नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्वर, मु.अ.कर दर्ता प्रमाण पत्र, गत आ.व.को कर चुक्ता प्रमाण पत्र लगायतका आवश्यक कागजात प्रतिलिपी ) संलग्न राखी विरुवा खरिद सम्वन्धि सिलवन्दी घटाघट दरभाउ पत्रको यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय दाङ देउखुरी लमही वा वन निर्देशनालय वुटवल रुपन्देहीबाट वोलपत्र खरिद गरी १६ औ दिन दिनको १२.००वजे भित्र शिलवन्दी घटाघट दरभाउ पत्र श्री डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमहीमा दाखिला गर्न विरुवा उपादक/ आपुर्तिकर्तालाई आह्वान गरिएको छ । यस सम्वन्धि विस्तृत जानकरीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**क्षतीपुर्ति वृक्षारोपण तर्फको कार्यक्रमवाट विरुवा खरिद**

| सि.नं. | विरुवाको जात | खरिद गरिने विरुवाको विवरण | | | आपुर्ति गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | परिमाण (गोटा) | प्रति ईकाइ अधिकतम मूल्य रु. | अधिकतम मूल्य रु. | |
| १ | टिक (सागुवान) | १०५०० | ३०।० | ३१५०००।० | गढवा गा.पा. २ दाङ |
| २ | सतिसाल | १००० | ३५।० | ३५०००।० | |
| ३ | निम | २५०० | २५।० | ६२५००।० | |
| ४ | जामुन | २००० | १८।० | ३६०००।० | |
| ५ | खयर | २५०० | १८।० | ४५०००।० | |
| ६ | श्रीखण्ड | १००० | १३०।० | १३००००।० | |
| | | १९५०० | | ६२३५००।० | |

अक्षरुपी छ लाख तेईस हजार पाच सय रुपैया मात्र

***खरिद गरिने विरुवाको गुणस्तर तथा Specification***

१ विउबाट उमारिएको एक वर्षे विरुवा

२ विरुवाको उचाई कम्तिमा एक फिट भएको

CamScanner

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय दाङ (देउखुरी)
लमही, दाङ
फोन कार्यालय : ०८२-५४०८१०
कार्यालय प्रमुख : ९८५७८४७५१४
ईमेल ठेगाना: dfodeukhuri@gmail.com

३ पोली व्यागमा उमारेको हुनु पर्ने
४ रोग किरा नलागेको स्वस्थ राम्रो विरुवा हुनु पर्ने
५ डाँठ पात र जरा राम्रोसँग विकास भएको

◘ वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थान:
(क) अन्तिम मिति–२०८२।०३।०४ गते (ख) समय–कार्यालय समय भित्र
(ग) स्थान: डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही वा वन निर्देशनालय, बुटवल ,रुपन्देही

◘ वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान:
(क) अन्तिम मिति–२०८२।०२।०५ गते ख) समय– दिनको १२:०० बजे सम्म
(ग) स्थान: डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी),लमही

**शर्तहरु:**

(१) बोलपत्र फारम को लागि रु १०००।– (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी), लमही को कार्यालय कोड नं. ३२९०१५६०२५, नेपाल बैंक लिमिटेड, दाङको बैंक खाता नं.२७४०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरी खरिद गर्न सकिने छ।

(२) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागी हुनुपर्ने छ ।

(३) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड लमही दाङमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय दाङको लुम्विनी प्रदेश सरकारको धरौटी खाता नं. २९३०२००००२००३००००१ ख २.३ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन। यसरी नगद रकमको धरौटी पेश भएमा वोलपत्र स्वत: अमान्य हुनेछ ।

(४) शिलवन्दी वोलपत्र घटाघट हुने विरुवा उपरोक्त अनुसारको गुणस्तर भएको हुनु पर्नेछ ।

(५) सिलबन्दी बोलपत्र घटाघटमा भाग लिन ईच्छुक विरुवा उत्पादक वा आपुर्तिकर्ता व्यावसायिक प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

(६) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०३।०६ गते दिनको २.०० बजे डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही मा खोलिने छ ।

(७) सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(८) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ ।वोलपत्रमा सकारकर्ताले प्रति ईकाइ सकार मुल्य अनिवार्य उल्लेख गरेको हुनु पर्नेछ ।

(९) वोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

'(१०) माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन ।

(११) सिलवन्दी वोलपत्र सम्वन्धि कागजातहरु सिलवन्दी बोलपत्र/ दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीको सहीछाप भई आएको हुनु पर्नेछ ।

(१२) उपरोक्त अनुसारको विरुवाको थप आवश्यक हुन गएमा सकारकर्ताबाट सकार मुल्यमा थप विरुवा उपलब्ध गराउनु पर्नेछ ।

(१३) शिलवन्दी वोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र ठेक्का कराररनामा गर्न आउनु पर्नेछ ।

(१४) माथी उल्लेख गरेको शर्तहरु वाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्ले गर्न पाईने छैन ।

(१५) उल्लेख हुन छुट भएका बुँदाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner